नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

☎०९३-४२०१३३
☎०९३-४२००१७
☎०९३-४२०२१४

email:daodarchula@gmail.com
web:daodarchula.moha.gov.np

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय दार्चुला

प.सं. २०८३।०८४

खलंगा, दार्चुला
मितिः२०८३।०७।२३

विषयः- चाडपर्वलाई मर्यादित बनाउने सम्बन्धी अद्यावधिक सूचना।

नेपालीहरुको महान पर्व दीपावली (तिहार) तथा छठ पर्वको अवसरमा दार्चुला जिल्लावासी सम्पूर्ण आमा बुवा, दाजुभाई तथा दिदी बहिनीहरु सबैमा जिल्ला प्रशासन कार्यालय, दार्चुला परिवार हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछ। यस अवसरमा यहाँहरुको सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको कामना गर्दै शान्तिपूर्ण वातावरणमा सुरक्षित र मर्यादित रुपले सामाजिक सद्भाव कायम गरी चाडपर्वहरु मनाउनु हुन र देहाय बमोजिम गर्नु गराउनुहुन सम्बन्धित सबैमा जानकारीका लागि अनुरोध छ।

देहायः

- जिल्लाको समग्र शान्ति-सुरक्षाको अवस्थालाई दृष्टिगत गरी देउसी-भैलो, सांस्कृतिक कार्यक्रमहरु तथा स्थानीय जात्रा-मेलाहरू मर्यादित ढङ्गले सञ्चालन गर्न गराउनुहुन ।
- देउसी भैलो कार्यक्रमलाई नेपाली मौलिक, सांस्कृतिक परम्पराको संरक्षण र सामाजिक सद्भाव कायम राख्दै सभ्य, अनुशासित र मर्यादित तवरले संचालन गर्नुहुन ।
- कुनै निजी आवास, व्यापारिक प्रतिष्ठान तथा कार्यालयहरुमा देउँसी भैलो खेल्न जाँदा घरधनी, संचालक वा जिम्मेवार पदाधिकारीको अनुमती लिएर मात्र प्रवेश गर्न हुन साथै देउँसी भैलोको नाममा जवरजस्ती रकम माग गर्ने, दबाब दिने जस्ता कार्य नगर्नुहुन ।
- सम्पूर्ण अभिभावकहरुले देउँसी भैलोमा संलग्न हुने आफ्ना छोराछोरी तथा बालबालिकाको निगरानी राख्ने कार्य गर्नहुन साथै बालबालिकालाई असुरक्षित स्थानमा लैजाने, जोखिमपूर्ण गतिविधिमा संलग्न गराउने वा उनीहरुको सुरक्षामा लापरवाही गर्ने कार्य कसैले पनि नगर्नु/नगराउनुहुन ।
- भुइँचम्पा, पटका र आतिसबाजी जस्ता विस्फोटक पदार्थहरुको आयात, ओसारपसार, बिक्री वितरण तथा प्रयोग गर्ने जस्ता कार्य नगर्नु, नगराउनुहुन ।
- चाडपर्वको समयमा जुवातास खेल्ने, सट्टाबाजी गर्ने, मादक पदार्थको सेवन गरी शान्ति सुरक्षा एवं सर्वसाधारणलाई असर पर्ने गरी सार्वजनिक स्थानमा हो-हल्ला एवं झै-झगडा गर्ने जस्ता कार्य नगर्नु, नगराउनुहुन ।
- चाडपर्वको समयमा अखाद्य वस्तु मिलाईएका र गुणस्तरहिन मिठाई लगायतका अस्वस्थ्यकर खाद्यवस्तुहरुको बिक्री वितरण गर्ने, वजारमा समानहरुको कृत्रिम अभाव सृजना गरी कालोवजारी गर्ने र उपभोक्ता हित विपरितका कार्यहरु नगर्नु, नगराउनुहुन ।

प्रमुख जिल्ला अधिकारी

- चाडपर्वको समयमा यात्रा गर्ने यात्रुहरूको चाप बढी हुने हुँदा सार्वजनिक सवारी साधनहरूले तोकिएको भन्दा बढी भाडा लिने, क्षमता भन्दा बढी यात्रु राख्ने कार्य नगर्न हुन साथै यात्रुहरुले समेत यस विषयमा सचेत रही यात्रा गर्नुहुन ।
- चाडपर्वको समयमा स्थानीय स्तरमा हुने दिवाकालिन तथा रात्रीकालिन जात्रा तथा मेलाहरु संचालन हुने मिति र समय सम्बन्धमा आयोजक वा आम नागरिकले प्रशासन तथा नजिकको सुरक्षा निकायलाई जानकारी गराई आवश्यक सुरक्षा व्यवस्थाका लागि अनुरोध गर्नु हुन साथै जात्रा तथा मेलालाई शान्तिपूर्ण, सभ्य र मर्यादित तवरले संचालन गर्नुहुन ।
- माथि उल्लेखित बिषयहरुको कार्यान्वयनका लागि जिल्ला भित्रका सम्पूर्ण स्थानीय तहहरुले आवश्यक सहयोग, समन्वय र सहजीकरण गरिदिनुहुन हार्दिक अपिल गर्दछौं । साथै यस सूचना विपरितको कार्य गर्ने गराएको पाईएमा प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

२०८३/०६/१२

.....

बर्तराज पौडेल

प्रमुख जिल्ला अधिकारी

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
दार्चुला